## नेपाली युवाहरुको अन्तर्राष्ट्रिय सम्मेलनबाट पारित बोडे घोषणापत्र सार्वजनिक गर्ने उद्देश्यले आयोजित

# पत्रकार सम्मेलन

*(Press Conference to disclose the Declaration of International Conference of Nepalese Youth)*

मितिः २०७३ असोज १८ गते (4th Oct. 2016)

स्थानः अल्फा विटा कम्प्लेक्स, नयाँ वानेश्वर, काठमाडौं

राष्ट्रिय युवा परिषद्-नेपाल २०७२ त्रिपुरेश्वर, काठमाडौं

**उपस्थित पत्रकार महोदय,**

सम्मेलनको पृष्ठभूमिः

"युवाहरुमा सामाजिक उद्दमशिलताको विकाश, उद्दमशिलता नै देश निर्माणको आधार" भन्ने नाराका साथ २०७३ असोज १५-१६, २०७३ (1-4 Oct. 2016) मा नेपाली युवाको अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गरिने कुरा युवा तथा खेलकुद मन्त्रालय राष्ट्रिय युवा परिषद र गैरआवासीय नेपाली संघद्वारा मिति २०७३ जेठ २८ गते (10 June, 2016) मा संयुक्त पत्रकार सम्मेलन गरी घोषणा गरिएको थियो ।

युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद र NRNA को संयुक्त आयोजनामा हुन लागेको प्रथम अन्तर्राष्ट्रिय युवा सम्मेलन मार्फत युवाहरूको क्षमता अभिवृदि गर्दै उनीहरुलाई उद्दमशील र आत्मनिर्भर बनाई वेरोजगारी न्यूनीकरण गर्ने उद्देश्यका साथ देश भित्र र बाहिरका युवाहरूलाई एकै स्थानमा भेला गराई सम्मेलनका माध्यमबाट युवा विकासका लागि तत्कालिन र दीर्घकालीन रणनीतिक कार्यदिशा तर्जुमा गर्ने उद्देश्य राखिएको थियो । साथै देश विदेशमा भएका युवाहरुका साझा मुद्दाहरु, उनीहरुमा भएका वहुआयामिक प्रतिभा पहिचान, नेपालको अवसर, संभावना र चुनौतीहरुको यथार्थपरक विश्लेषण गर्दै नेपालको साझा समस्याका रुपमा रहेको वेरोजगारीको अन्त, बौद्धिक पलायन (Brain drain) को दिशालाई अव बौद्धिक आर्जन (Brain gain) तर्फ मोड्दै नयां नेपाल निर्माणको महान् अभियानमा संपूर्ण युवा शक्तिलाई परिचालन गर्ने वातावरण निर्माण गर्ने उद्देश्यले यस सम्मेलनको आयोजना गरिएको थियो ।

सामाजिक उद्दमशिलता नै मुलुकको विकासको मुख्य आधारको रुपमा रहने र उद्दमशिलताको विकासको लागि युवाहरुको भूमिका र योगदान महत्वपूर्ण हुने पक्षलाई दृष्टिगत गर्दै युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद र गैर आवासीय नेपाली संघको संयुक्त आयोजनामा स्वदेश तथा विदेशमा बस्ने नेपाली युवाहरुको क्षेत्रगत प्रतिनिधित्व गराइएको हो । यस सम्मेलनमा स्वेदेशमा रहनुभएका युवा विकासको क्षेत्रमा क्रियाशिल, ब्यक्तित्व, संघसंस्था तथा विषय विज्ञहरु, युवा वैज्ञानिक, माननीय सांसदहरु तथा विदेशमा रहनुभएका गैरआवासीय नेपाली संघका संस्थापक/संरक्षक, अध्यक्ष सहितको संपूर्ण पदाधिकारीहरु तथा उक्त संघमा आवद्ध हाम्रा नेपाली दाजुभाइहरु जसले विदेशमा रहेर विभिन्न उद्यम सञ्चालन गरी पर्याप्त सीप र अनुभव हासिल गर्नुभएको छ उहाँहरुको तर्फबाट ७५ जना प्रतिनिधिहरु गरी कुल ३५० जना युवाहरुको सहभागिता रहेको थियो । कृषि विकास बैंकको केन्द्रीय तालिम केन्द्र बोडे, भक्तपुरको सभाहलमा सम्पन्न उक्त दुई दिने सम्मेलनमा विशेषतः नेपाल सरकारबाट स्वीकृत युवा विकासका लागि दीर्घकालीन मार्गनिर्देशक दस्तावेजको रुपमा रहेको राष्ट्रिय युवा नीति २०७२ र Youth Vision-2025 तथा दशवर्षे रणनीतिक योजनाले परिलक्षित गरेका युवा विकासका मुख्य आधार स्तम्भहरु (Five Pillars) हरु तथा विप्रेषण, लगानी, सुरक्षित वैदेशिक रोजगार र नेपालमा उद्यमशीलताको विकास गरी ६ वटा मुख्य Theme मा केन्द्रीत रही विषय विज्ञहरुबाट कार्यपत्र प्रस्तुत, विशिष्ट ब्यक्तित्वहरुबाट टिप्पणी तथा सहभागीहरुबाट थप पृष्ठपोषण समेत लिने गरी समूहगत रुपमा छलफल (Thematic discussion) गरी ठोश निष्कर्षहरु समेत निकालिएको छ । यसले युवा विकासका लागि क्षेत्रगत रणनीति तय गर्नका लागि हामीलाई थप मार्गनिर्देश गरेको छ ।

युवा सम्मेलनको अन्तमा विषय विज्ञहरुबाट प्रस्तुत कार्यपत्र, टिप्पणीकारहरुबाट प्राप्त सुझावहरु तथा सहभागीहरुबाट प्राप्त भएका पृष्ठपोषण समेतलाई हृदयङ्गम गरी सम्मेलनको निचोडको रुपमा युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद तथा गैरआवासीय नेपाली संघका प्रतिनिधि सम्मिलित घोषणा पत्र तयारी समितिद्वारा तयार गरिएको युवा विकासका लागि दीर्घकालीन महत्व राख्ने हामी नेपालीहरुको साझा प्रतिवद्धताको रुपमा रहेको बोडे घोषणापत्र देहाय वमोजिम रहेको ब्यहोरा हामी संपूर्ण सञ्चारकर्मीहरु मार्फत सरोकारवालाहरु समक्ष सार्वजनिक गर्न चाहन्छौं । धन्यवाद ।

युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद् नेपाल र गैरआवासीय नेपाली संघद्वारा संयुक्त रुपमा आयोजित "युवामा सामाजिक उद्यमशीलताको विकासः उद्यमशिलता नै देश निर्माणको आधार" भन्ने मुल नारा सहित नेपाली युवाको अन्तर्राष्ट्रिय सम्मेलन २०७३ असोज १५ र १६ द्वारा जारी गरिएको शाभ्का प्रतिवद्धता सहितको

## बोडे-घोषणापत्र

हामी युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद् र गैरआवासीय नेपाली संघको दुई दिने सम्मेलनमा पेश भएका कार्यपत्र र कार्यपत्र उपरभएका छलफल तथा राष्ट्रिय युवा नीति २०७२ र युथ भिजन २०२५ को मार्गदर्शन एवं उदेश्य परिपूर्ति गरी नेपाली युवाको सहभागिता, उद्यमशीलताको विकास मार्फत् नेपालको दिगो विकासका लागि आगामी दिनमा निम्नानुसार कार्य गर्न यो संयुक्त घोषणापत्र जारी गर्दछौं ।

**१) गुणस्तरीय तथा व्यावसायिक शिक्षाः**

क) नेपाली तथा गैरआवासीय नेपाली युवाको गुणस्तरीय तथा ब्यवसायिक शिक्षामा पहुँच बढाउन गैरआवासीय नेपाली संघको तर्फबाट खुल्ला विश्वविद्यालय सञ्चालनमा ल्याउन सहयोग पुर्‍याउने ।

ख) ब्यावसायिक शिक्षालाई प्रवर्द्धन गर्न तथा युवा उपयोगी सूचना प्रवाह गर्न राष्ट्रिय युवा परिषद्ले एक वर्ष भित्रमा Computer Application निर्माण गरी सञ्चालनमा ल्याउने ।

ग) गैरआवासीय नेपालीका सन्ततीहरुलाई नेपाली भाषा, कला, सस्कृतिसँग परिचित गराई भाषा संस्कृतिको जगेर्ना र्गन राष्ट्रिय युवा परिषद् र गैरआवासीय नेपाली संघको सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने ।

घ) नेपाली समाजमा विद्यमान परम्परागत ज्ञान, सिप र प्रविधिलाई तालिम र औपचारिक शिक्षासँग जोड्न नेपाल सरकार र सम्वद्ध निकायसंग राष्ट्रिय युवा परिषद्ले पहल गर्ने ।

**२) रोजगारी र उद्यमशीलता**

क) युवामा उद्यमशीलता, विकास र रोजगार सिर्जनाका लागि गैरआवासीय नेपाली संघबाट लघुवित्त कार्यक्रम स्थापनाको सम्भाब्यता अध्ययन गरी नेपाली र वैदेशिक रोजगारबाट फर्किएका युवालाई नेपालमै स्वरोजगार र उद्यमशीलताका लागि राष्ट्रिय युवा परिषद्संगको सहकार्यमा प्रभावकारी कार्यक्रम सञ्चालन गर्ने ।

ख) यस वर्ष स्थापना हुने युवा विप्रेषण तथा सामाजिक सुरक्षा कोषमा गैरआवासीय नेपालीका तर्फबाट समेत आर्थिक सहयोग गर्ने ।

ग) युवा, रोजगार, उद्यमशीलता, सिप विकास र गरिवी निवारण विषयमा प्रस्तुत कार्यक्रममा समावेश भएका परियोजनाहरुलाई राष्ट्रिय युवा परिषद् र गैरआवासीय नेपाली संघको साझेदारीमा प्रत्येक प्रदेशमा कम्तिमा १/१ वटा प्रविधि प्रयोग गरी नमूना परियोजना सञ्चालनमा ल्याउने ।

घ) वैदेशिक रोजगारीमा जाने युवा र विशेष गरी महिला श्रमिकलाई यौन तथा प्रजनन स्वास्थ्य र संक्रामक रोगका बारेमा राष्ट्रिय युवा परिषद् मार्फत् सूचना प्रवाह गर्ने ।

ङ) राष्ट्रिय युवा परिषद्ले रोजगारी प्रवर्दनका लागि प्रत्येक प्रदेशमा सञ्चालन गर्ने १/१ वटा मेगा परियोजनाको स्थापना र सञ्चालन गैरआवासीय नेपालीहरु सहितको साझेदारीमा गर्ने ।

च) राष्ट्रिय युवा परिषदले सफल उद्यमी युवाहरुको राष्ट्रिय तथ्याङ्क तयार पार्ने र त्यस्ता युवाको मञ्च(Forum) निर्माण गरी उनीहरुका अनुभव र सुझावहरु उपयोग गर्ने ।

Non-Resident Nepali Association NRNA Kathmandu, Nepal

NYC राष्ट्रिय युवा परिषद्-नेपाल २०७२ त्रिपुरेश्वर, काठमाडौं

माधव प्रसाद ढुंगेल कार्यकारी उपाध्यक्ष

**३) स्वास्थ्य र सामाजिक सुरक्षा**

क) सुरक्षित मातृत्व, प्रजनन् स्वास्थ्य, कुपोषण, सरसफाइ, लागू पदार्थ दुर्व्यसन, प्राथमिक उपचार तथा खोपको बारेमा विद्यालय तथा समुदाय स्तरमा जनचेतना अभिवृद्धि गराउनका लागि आवश्यक प्राविधिक जनशक्तिको व्यवस्था तथा आर्थिक सहयोग गर्ने ।

ख) फरक क्षमता भएका युवा (दृष्टिविहिन, शुस्त श्रवण, शारीरीक अपाङ्गता भएका व्यक्तिहरु) का लागि कम्तिमा ५०० जनालाई १ वर्षभित्र आवश्यक सहयोग सामग्री वितरण गर्ने ।

**४) सहभागिता, परिचालन र नेतृत्व विकास**

क) युवामा सामाजिक उद्यमशिलता विकास गर्न युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद् र गैरआवासीय नेपाली संघको संयुक्त पहलमा राष्ट्रिय स्तरको **उपराष्ट्रपति उद्यमशिलता नेतृत्व विकास केन्द्र** स्थापना गर्ने।

ख) राष्ट्रिय युवा परिषद् मार्फत् सवै प्रदेश र जिल्लामा कम्तिमा २०० जना युवालाई विपद् व्यवस्थापनसम्बन्धी तालिम दिई युवा स्वयंसेवक तयार पारी आवश्यकता अनुसार परिचालन गर्ने ।

**५) खेलकुद र मनोरन्जन**

क) नेपाली र गैरआवासीय नेपाली युवाको सम्बन्ध र सहकार्य सुदृढ बनाउन र सामाजिक सांस्कृतिक आदान प्रदान गर्न वर्षको कम्तिमा एक पटक मैत्रीपूर्ण खेल पालैपालो नेपालभित्र र बाहिर आयोजना गर्ने ।

राष्ट्रिय युवा परिषद्-नेपाल
२०७२
त्रिपुरेश्वर, काठमाडौं

माधव प्रसाद दुङ्गेल
कार्यकारी उपाध्यक्ष
राष्ट्रिय युवा परिषद् नेपाल

माधव प्रसाद दुंगेल
कार्यकारी उपाध्यक्ष

Non-Resident Nepali Association
NRNA
Kathmandu, Nepal

डा. शेष घले
अध्यक्ष
गैरआवासीय नेपाली संघ

रोहवरः

तेजराज पाण्डे

सहसचिव

युवा तथा खेलकुद मन्त्रालय

मिति : २०७३।०६।१६

**धन्यवाद !**